पोखरा लेखनाथ महानगरपालिका

# स्थानीय राजपत्र

वर्ष : १ पोखरा खण्ड : १८ २०७५ जेठ ८ गते

भाग १ अङ्क २

पोखरा लेखनाथ महानगरपालिकाको

## विज्ञापन बोर्ड तथा प्रचार सामाग्री नियमन गर्ने नीति, २०७४

### १. पृष्ठभूमि

पोखरा लेखनाथ महानगरपालिकाले स्थानीय सरकार सन्चालन ऐन २०७४, र प्रथम नगर सभाबाट पारित नीतिगत निर्णयको अधिनमा रही आफ्नो क्षेत्रभित्र तोकिए बमोजिमका विज्ञापनबोर्ड तथा प्रचार प्रसार सामाग्री राख्ने अनुमति दिई सो वापत विज्ञापन कर संकलन गर्दै आएको छ । ऐनले विज्ञापनकरलाई नगरपालिकाको आन्तरिक श्रोतको रुपमा परिभाषित मात्र गरेको छैन नगर

पालिका क्षेत्रमाप्रचार प्रसारको लागि राखिने विभिन्न किसिमका परिचय पाटी, बोर्डहरु र प्रचार सामाग्रीको अनुमतिदिने र सो वापत कर संकलन गर्न पाउने निकायको रुपमा नगरपालिकाहरुलाई अधिकारप्रदान गरेको छ । पोखरा लेखनाथ महानगरपालिकाको आन्तरिक श्रोतमध्ये विज्ञापन कर महत्वपूर्ण करको श्रोत रही आएको छ। महत्वपूर्ण कराधारको रुपमा रहेको महानगर क्षेत्रको विभिन्नकिसिमका होर्डिंग बोर्ड, साईन बोर्ड, ग्लो साईन बोर्डहरु, कम्पनीको प्रयोजन बोर्डहरु र पोल व्यानरआदि प्रचार प्रसारका लागि राखिने बोर्ड तथा सामाग्रीहरु व्यवस्थित, मर्यादित, सुरक्षित एवं शहरीसौदर्ययुक्त हुन नसकेकोमा आम नागरिक तथा संचारगृहको चासोको विषय बन्दै आएको छ । यसलेमहानगर क्षेत्रमा राखिने प्रचार प्रसार समाग्री तथा होर्डिंग बोर्डलाई आम्दानीको हिसावले मात्र नहेरी शहरी विकास, सुरक्षा व्यवस्था र वातावरण संरक्षणमा पार्न सक्ने नकारात्मक प्रभावप्रतिमहानगरपालिका समयमै सजग र सचेत भई यस सम्बन्धमा उचित कदम चाल्नुपर्ने आवश्यकतादेखिएको छ । महानगरपालिकाले सामान्य रुपमा प्रत्येक नगर सभाबाट नीति बनाई महानगरमा राखिने वोर्ड तथा प्रचारसामाग्रीहरुको नियमन गरी कर संकलन गर्दै आएको छ। यसै नीतिको अधिनमा रही तोकिएकोमापदण्ड भन्दा विपरित एवं निषेधित स्थानमा रखिएका बोर्ड तथा समाग्रीहरु हटाउने कार्य पनि गर्दैआएको छ। तर पछिल्लो समयमा आएर होर्डिंग बोर्ड राख्ने प्रतिस्पर्धा यति वढदै गयो कि हरेकघरका छत तथा कौशी व्यवसायिक विज्ञापन बोर्डले भरी भराउ देखियो। यस क्षेत्रमा देखिएको अस्वस्थप्रतिस्पर्धाले कर छलीका घटनाक्रमहरु पनि देखिए। यसरी शहरी सौदर्य र सुरक्षामा गंभिर असर पर्नेगरी अव्यवस्थित ढंगले राखिएका होर्डिंग बोर्डहरु व्यवस्थित गर्ने साथै आधुनिक विद्युतिय प्रचार प्रसारको विधि अवलम्बन गरी डिजिटल प्रचार माध्यामबाट महानगरलाई स्मार्ट सिटीको रुपमा विकास गर्ने सन्दर्भमा उपयुक्त नीति तथा संस्थागत व्यवस्था गर्नको लागि पोखरा लेखनाथ महानगरपालिकाबाट यो विज्ञापन बोर्ड तथा

प्रचार समाग्री नियमन नीति, २०७४ तर्जुमा गरी जारीगरिएको हो ।

## २. नीतिको दीर्घकालिन उद्देश्य (ख्कक्ष्यल)

यस महानगर क्षेत्रभित्र प्रचार प्रसारका लागि राखिने विभिन्न किमिमका बोर्ड तथा प्रचारसामाग्रीहरुलाई सामाजिक हितकारी, आधुनिक प्रविधियुक्त र वातावरण मैत्री बनाउदै यस्ता बोर्ड तथासमाग्रीहरुको नियमन, अनुगमन एवं नियन्त्रणको संस्थागत व्यवस्था गरी अत्याधुनिक डिजिटलाइज प्रचार प्रसार को माध्यामबाट महानगरलाई स्मार्ट सिटीको रुपमा विकास गर्दै महानगर पालिकाको आयश्रोतसमेत वृद्धि गर्दै जाने यो नीतिको दीर्घकालिन उद्देश्य हुनेछ ।

## ३. नीतिको दीर्घकालिन लक्ष्य (ःष्ककष्यल)

यस महानगर क्षेत्रभित्र प्रचार प्रसारका लागि राखिने व्यवसायिक, सचे तनामूलक तथा सरकारीसूचना सन्देशयुक्त विभिन्न किमिमका बोर्ड तथा तथा प्रचार सामाग्रीहरुलाई सामाजिक मूल्यमान्यतालाई सम्बर्धन गर्ने, आधुनिक प्रविधियुक्त र वातावरण मैत्री बनाउन उपलब्ध श्रोत साधनकोअधितम प्रयो ग गरी यस्ता बोर्ड तथा समाग्रीहरुको नियमन, अनुगमन एवं नियन्त्रणको संस्थागतव्यवस्था गरी महानगरपालिकाको आन्तरिक आयमा यस क्षेत्रबाट प्राप्त हुने कर आयको अंश समेतवृद्धि गर्दै जाने यो नीतिको दीर्घकालिन लक्ष्य हुनेछ ।

## ४. नीतिको उद्देश्य (इदवभअतष्खभक)

यस महानगर क्षेत्रभित्र प्रचार प्रसारका लागि राखिएका र राख्न दिईने व्यवसायिक, सचेतनामूलकतथा सरकारी सूचना सन्देशयुक्त विभिन्न किमिमका बोर्ड तथा प्रचार सामाग्रीहरुलाई वदलिदोपरिवेश अनुसार विकसित सामाजिक मूल्य मान्यतालाई आत्मसाथ गर्ने, विज्ञान र प्रविधिको विकासलेसृजित अत्याधुनिक

डिजिटलाइज प्रविधि आकर्षित गर्ने र वातावरण संरक्षणमा सहयोग पुग्ने बनाउन उपयुक्त नीति, मापदण्ड, कार्यविधि तयार गरी सोको कार्यान्वयन र अनुगमनको संस्थागत व्यवस्था गरी करको दायरा तथा कर आयमा समेत उल्लेखनीय वृद्धी गर्ने उद्देश्ययो नीतिले लिएको छ । यो नीतिको मूलभूत उद्दे श्यहरु देहाय बमोजिम हुनेछन् :

१) विज्ञापन बोर्ड तथा प्रचार समाग्री राख्न पाउने स्थान, तरिका तथा समाग्री र निषेध गरिएका स्थानतथा समाग्रीहरुको मापदण्ड तोक्ने ।

२) सार्वजनिक जग्गा, ऐतिहासिक सम्पदाको संरक्षण गर्दै वातावरण संर क्षणमा जोड दिने ।

३) विज्ञापन बोर्ड तथा प्रचार सामाग्रीको प्रयोगमा आधुनिक प्रविधिको प्रवर्द्धन र सामाजिक मूल्यमान्यतालाई आत्मसाथ गर्ने ।

४) अनुमति नलिई महानगर क्षेत्रमा कुनै पनि प्रकारका विज्ञापनयुक्त, प्रचारात्मक, सूचना वासन्देशमूलक बोर्ड, परिचय पाटी तथा सामाग्रीहरु राख्न नपाउने व्यवस्था गर्ने ।

५) महानगर क्षेत्रका सम्पूर्ण वाह्य विज्ञापन बोर्ड तथा समाग्रीको नियमन गर्दै आन्तरिक श्रोत साधनकोउपयोग समेत गरी यस क्षेत्रबाट प्राप्त हुने राजस्वको अंकमा समेत वृद्धि गर्ने ।

६) महानगरपालिकाले प्रचार सामाग्रीको कर संकलन तथा व्यवस्थापन गर्न खुल्ला रुपमा प्रस्ताव आव्हान गरि, प्रतिस्पर्धा गराई अधिकतम राजस्व संकलन गर्ने ।

## ५. नीतिको व्यवस्था

पोखरा लेखनाथ महानगरपालिका क्षेत्रमा राखिने विज्ञापन तथा सूचना बोर्ड, डिजिटल बोर्ड र प्रचार सामाग्रीहरुको नियमन, नियन्त्रण गरीमहानगर पालिकाको आन्तरिक आयमा अभिवृद्धि समेत गर्न देहाय बमोजिमका नीतिगत व्यवस्था गरिएको छ ।

क) यस महानगरक्षेत्रका सार्वजनिक स्थानहरुमा अनाधिकृत ढंगले राखिएका सम्पूर्णब्यवसायीक होर्डिङ्ग बोर्डहरु तथा प्रचार समाग्रीहरुको लगत व्यबस्थापन,सुचिकृत गर्ने र नम्बर टांस गर्ने व्यबस्था गरिनेछ ।

ख) महानगरक्षेत्रका ऐतिहासिक सांस्कृतिक सम्पदाहरु, मुख्य प्रशासनिककेन्द, कार्यालयको वाहिरीसीमाबाट कम्तिमा ५० मिटर पर सम्म ३० बर्गफिटसम्मको व्यवसायिक परिचय पाटीवाहेक अन्य व्यवसायिक विज्ञापन बोर्ड तथा प्रचार समाग्रीहरु राख्न निषेध गर्ने ।

ग) महानगरपालिका क्षेत्रमा अनाधिकृत ढंगले राखिएका नीजि क्षेत्रबाट प्रायोजित सरकारी सुचना वोर्डहरु तथा सचेतनामूलक बोर्डहरु तत्काल हटाउने ।उक्त प्रकृतिका बोर्डहरु राख्न आवश्यक देखिएमा महानगरको स्विकृतिमा अनुमति प्रदान गर्न सकिनेछ ।

घ) एकसय बर्गफुट भन्दा ठूला साईजका होर्डिंग बोर्डहरुको अनिवार्य रुपमा विमा गरीनुपर्ने । होर्डिंग बोर्डहरु दर्ता गरी बोर्डको मुनि दर्ता नम्बर स्पष्ट देखिने गरि महानगरपालिकाबाट उपलब्ध गराईने स्टीकर राख्नुपर्ने । अब उप्रान्त २०० बर्गफुट भन्दा ठूला साईजका बोर्डहरु नयाँ दर्तागर्नुपूर्व सो प्राविधिक हिसावले ठिक भए नभएको नेपाल इन्जिनियरिंग काउन्सिलबाटलाईसेन्स लिईएका प्राविधिकबाट उपयुक्तताको सिफारिस लिने व्यवस्था अनिवार्य गर्ने ।

ङ) कुनै पनि व्यवसायीले महानगरबाट स्वीकृत लिएकै वखत खाली बोर्डमा राख्नेसन्देशमूलक सामाग्री बनाई अनिवार्य रुपमा राख्नुपर्नेछ । कुनै पनि सामाग्री रहित खाली बोर्डराख्न निषेध गर्ने । व्यवसायीले वोर्डमा राख्ने सामाग्री परिवर्तन गरेपिच्छे महानगर

पालिकालाई उक्तरंगिन एक प्रति सामाग्री उपलब्ध गराउनुपर्नेछ ।

च) महानगरपालिका भित्र रहेका अव्यवस्थित, अनियन्त्रित, विशुद्ध निजी फाइदाकाउद्देश्यले सार्वजनिक चोक, सडकसँगै जोडेर ट्राफिक प्रहरी लगायत कुनै पनि सरकारी नामबाट बिना अनुमति राखिएका बोर्डहरु तत्काल हटाउने ।

छ) विज्ञापन बोर्ड तथा डिजिटल बोर्डको साईज, उक्त बोर्ड राख्न पाउने स्थान र यस सम्बन्धि अन्य मापदण्ड तोकिए बमोजिम हुनेछ ।

ज) सडक पेटी तथा सार्वजनिक स्थानमा कुनै पनि स्थायी प्रकारका द्वार, स्टल डिस्प्ले राख्न पूर्णप्रतिवन्ध लगाउने ।

झ) बिद्युत तथा टेलिफोनका पोलहरुमा राखिएका सबै प्रकारका वोर्डहरु तुल ब्यानर हटाउने ।

ञ) परिचय पाटीको हकमा महानगरपालिकामा व्यवसाय दर्ता भएका व्यवसायीले मात्र तोकिएको साईजको परिचयपाटी निशुल्क र ाख्न पाउने छ । महानगरपालिकामा व्यवसाय दर्ता नभई परि चय पाटी राख्न पाईने छैन । परिचय पाटीमा स्पष्ट देखिने गरि महानगरपालिकामा व्यवसाय दर्ता भएको दर्ता नम्बर अनिवार्य रुपमा उल्लेख गर्नु पर्नेछ । एक व्यवसायको हकमा एकभन्दा वढी परिचयपाटी राख्न पाउने छैन ।परिचय पाटीको अधितम साइज उचाईमा ३ फिट ननघाई वढीमा ३० वर्गफिटसम्ममात्र हुनेछ ।सुरक्षाको दृष्टिकोणले परिचयपाटी राख्दा घरको कुनैपनि झ्याल छोप्न पाईने छैन ।

ट) सपीङ्ग कम्प्लेक्स, सुपर मार्केट जस्ता ठुलाठुला ब्यापारिक कम्प्ले क्सको हाता,कम्पाउण्ड भित्र सुरक्षाका मापदण्ड अपनाई भूईं

तथा भित्ताहरुमा होर्डिङ्ग बोर्ड, डिजिटल डिस्प्ले, चलदृश्य बोर्ड, एलसीडी बोर्ड, एल ई डि बोर्ड ,रोलर बोर्ड, ग्लो बोर्ड, नियोन साईन, प्रोजेक्टर, स्टल डिस्प्ले जस्ता बाह्य बिज्ञापन राख्न अनुमति दिने ।

ठ) महानगरपालिकाको यातायात गुरुयोजना बनाई सो अनुरुप यातायात व्यवस्थापनएवं यात्रु सुविधालाई ध्यानमा राखी एकरुपता कायम हुने गरी बाह्य बिज्ञापन बोर्ड राख्ने व्यवस्था सहितको सुविधायुक्त (सोलार बत्ति, टेलिफोन बुथ, उपयुक्त स्थान, लोकेशन नक्शा सहितको बस प्रतिक्षालय (द्यगक कतयउ) निजी क्षेत्रको सहभागितामाप्रतिस्पर्धात्मक माध्यमबाट निर्माण गरी हालको अव्यवस्थित बस स्टपहरुलाईव्यवस्थित गर्ने ।

ड) महानगरसंग यस अघि स्वीकृति लिई राखेका र अब उप्रान्त स्वीकृति हुने बस स्टपनिर्माणकर्ताले महानगरपालिकाले तोकेको डिजाईन अनुसार गनुपर्ने र विज्ञापन गर्न मिल्नेकूल भागको ३० प्रतिशत भागमा अनिवार्य रुपमा तोकिएको सूचना तथा सन्देशमूलक सामाग्रीहरु राख्नु पर्ने र प्रत्येक वसस्टपमा सोलार वत्ती अनिवार्य जडानगर्नुपर्ने ।

ढ) सार्वजनिक निजी साझेदारी अन्तर्गत अत्याधुनिक आकासे पुल, सुविधा सम्पन्न पार्क, शहरी सुविधा केन्द्र स्थापनामा प्रोत्साहन गर्न शहरका विभिन्न स्थानहरु छनौट गरीप्रतिस्पर्धाको आधारमा उपलब्ध गराउने र तोकिएको मापदण्ड बमोजिम तोकिएको बिज्ञापन दरमा कर संकलन गर्न पाउने व्यवस्था मिलाउने ।

ण) होर्डिंग बोर्ड तथा डिजिटल डिस्प्ले बोर्ड दर्ता तथा नविकरण गर्दा प्रचलित कानून बमोजिम सम्पत्ती वहालमा दिनेव्यक्तिलाई लाग्ने सम्पत्ति वहाल कर घरजग्गा धनीको नाममा व्यवसायीले

नै तिर्नुपर्नेव्यवस्था मिलाउने ।

त) महानगरपालिका क्षेत्रमा हुने योजनावद्ध पुर्वाधार विकासमा निजी क्षेत्र सहभागी हुन चाहेमा कूल लागतको न्यूनतम १० प्रतिशत सम्मकोप्रायोजकको रुपमा सहभागी गराउँदा सम्बन्धित निजी क्षेत्रलाई आफ्नो लोगोको सम्म बिज्ञापन गर्न दिने ।

थ) रोड डिभाईडरमा बिज्ञापन गर्न पूर्ण रुपमा निषेध गर्ने । फुटपाथ बारमा व्यबस्थित गर्ने ।

द) महानगरपालिकामा यस अघि दर्ता भई नियम अनुसार बुझाउन पर्ने कर दस्तुर नबुझाउनेविज्ञापन व्यवसायी/व्यक्तिहरुलाई नगरपालिकामा रहेको अभिलेखको आधारमा कालोसूचीमार ाख्ने, सार्वजनिक गर्ने र यसपछि निजहरुले महानगरपालकिासँग लिने कुनैपनि प्रकारको सेवा लिन आउँदा बाकी बक्यौता चुक्ता गनुपर्ने । यस्तो बुझाउनु पर्नेकर नबुझाएकासँग सरकारी बाँकी सरह असुलउपर गर्ने ।

ध) सरकारी वाहेकका निजी जग्गामा बोर्डहरु राख्दा सधियारकातर्फ तथा सडकतर्फकम्तिमा १० फिट जमिन छोडेको हुनुपर्ने र उचाईको हकमा जमिनसतहबाट वढीमा३० फिटमात्र हुनुपर्नेछ र अनिवार्य रुपमा बोर्डमा सोलार वत्ति जडान गरेको हुनुपर्नेछ ।

न) सरकारी सूचना तथा सचेतनासम्बन्धी सामाग्रीहरु राख्न परेमा विज्ञापन कर छुट दिन सकिने छ। यस्ता सूचना समाग्री राख्दा समेत माथि उल्लेखित मापदण्ड पालना गर्नुपर्नेछ ।

प) आन्तरिक श्रोत साधन परिचालन गरी महानगरपालिकाको आन्तरिक आयमा अभिवृद्धिगर्न महानगर क्षेत्रमा रहेका सार्वजनिक स्थान तथा आफ्नै जग्गामा आधुनिक, उच्च प्रविधियुक्त र वातावरणमैत्री विज्ञापन बोर्ड तथा प्रचार समाग्री राख्ने स्थान

व्यवस्था गरी प्रतिस्पर्धाको माध्यमबाट उक्त स्थान निजी क्षेत्रलाई उपलब्ध गराई सो वापतकर, रोयल्टी रकम संकलन एवं परिचालन गर्ने ।

फ) महानगरपालिका क्षेत्रमा राखिने विज्ञापन तथा सचेतनामूलक बोर्ड तथा प्रचारसामाग्रीबाट शहरी हरियाली, समाजिक मूल्य मान्यता र सदभाव तथा सुरक्षाकोदृष्टिकोणबाट उपयुक्त भएको नपाइएमा सो बोर्ड तथा सामाग्री तत्काल हटाउनेव्यवस्था गर्ने ।

ब) आधुनिक प्रबिधिका बिज्ञापन माध्यमहरु डिजिटल डिस्प्ले बोर्ड, लाईट बोर्ड लगाएत अन्य बिद्युतिय प्रचार सामाग्री समेतलाई अनुमति दिईनेछ ।

भ) प्रचार प्रसार सामाग्री मर्यादित हुनु पर्नेछ। अश्लिल, उत्तेजक एवं धार्मिक, सास्कृतिक, भाषिक, जातिय आदी सामाजिक सद्‌भाव भड्काउने खालका प्रचार प्रसार सामाग्री राख्न पूर्ण प्रतिबन्ध गर्ने ।

म) सूर्तिजन्य एवं मदिराजन्य बस्तु एवं उत्पादनको प्रचार प्रसार गर्न पूर्ण प्रतिबन्ध गर्ने ।

य) महानगरपालिकाले एक समिति निर्माण गरी सडक खण्ड अनुसार न्यूनतम घर वाहाल निर्धारण गर्ने छ । सोही आभारमा घर वाहालकर लिईने छ ।

६) बिज्ञापन सामाग्रीहरुको दररेट तपसिल बोजिम तोकिएको छ ।

| सि. न. | बिज्ञापन माध्यम | समय | एकाई | मूल बजार | सहायक | अन्य |
|---|---|---|---|---|---|---|
| १ | वाल पेन्ट , सटर पेन्ट | बार्षिक | वर्ग फिट | ३०.०० | २०.०० | १५.०० |
| २ | वाल बो ,र्डिपिएस, लाईट बोर्ड | बार्षिक | वर्ग फिट | १५०.०० | १००.०० | ५०.०० |
| ३ | ए.सि.पि बोर्ड | बार्षिक | वर्ग फिट | १००.०० | ५०.०० | २५.०० |
| ४ | सोलार पो ल बोर्ड | बार्षिक | गोटा | ८०००.०० | ५०००.०० | ३०००.०० |
| ५ | बस बिज्ञापन | बार्षिक | गोटा | ८०००.०० | | |
| ६ | बस ब्यानर | प्रति हप्ता | गोटा | १००.०० | | |
| | | २ हप्ता | गोटा | २००.०० | | |
| | | १ महिना | गोटा | ८००.०० | | |
| ७ | बस स्टप | बाषिक | गोटा | ६००००.०० | ४००००.०० | ३००००.०० |
| ८ | स्वागत गेट | प्रति दिन | गोटा | २०००.०० | | |
| ९ | सार्वजनिक स्थानको भाा र्वोको बर्गफिटमा | बार्षिक | वर्ग फिट | २००.०० | १००.०० | ७५.०० |
| १० | एल.ई.डि स्क्रिन | बार्षिक | वर्ग फिट | ४०००.०० | ३०००.०० | १५००.०० |
| | पसल गेट प्रति पसल | १ हप्ता | गोटा | १०००.०० | | |
| | | २ हप्ता | गोटा | १५००.०० | | |
| ११ | | १ महिना | गोटा | ३०००.०० | | |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| १२ | टेक्सी बिज्ञापन | ६ महिना | गोटा | ३000.00 | | |
| | | बार्षिक | गोटा | ५000.00 | | |
| १३ | थ्री ि अक्षर | बार्षिक | | २000.00 | १५00.00 | १000.00 |
| १४ | ट्रफिक आईल्याण | बार्षिक | गोटा | ५0000.00 | ४0000.00 | २५000.00 |
| १५ | मेला महोत्सव कर | मेला अवधिभर | | २५000.00 | | |
| १६ | रेलिङ्ग बिज्ञापन | बार्षिक | गोटा | ६00.00 | ४00.00 | २00.00 |
| १७ | होर्डिङ्ग बोर्ड | बार्षिक | वर्ग फिट | २00.00 | १५0.00 | १00.00 |
| | | | | | | |
| १९ | सार्वजनिक स्थानमा प्रचार कार्यक्रम | प्रतिदिन | | ३000.00 | २000.00 | १000.00 |